Government of **Western Australia**
Department of **Water and Environmental Regulation**

National**Retail** ASSOCIATION

# WA एकल प्रयोगका प्लास्टिक प्रतिबन्ध

## 2022 को प्रतिबन्ध

**1 जुलाई**
- फाल्न मिल्ने प्लास्टिकको पिउने नली (स्ट्र) र काँटाचम्चा (कटलरी)
- फाल्न मिल्ने प्लास्टिक प्लेटहरू र नपोखिने ढक्कन नभएका कचौराहरू
- फुलाईएको Polystyrene बाट बनाईएका खाना राख्ने सामान र कपहरू
- सबै प्लास्टिक सपिङ ब्यागहरू (सबै मोटाईका)

**1 अक्टोबर**
- चिसो पेय पदार्थ पिउने फाल्न मिल्ने प्लास्टिक कपहरू



## 2023 को प्रतिबन्ध

**1 सेप्टेम्बर**
- प्लास्टिक माइक्रो बीड्स
- प्लास्टिकको डंठल भएको कान सफा गर्ने कपासको डल्ला (कटन बड्स)
- कुहिएर जाने प्लास्टिक
- लूज - फिल विस्तारित प्लास्टिक प्याकेजिङ्ग



## 2024 को प्रतिबन्ध

**1 मार्च**
- तातो पेय पदार्थको लागि प्लास्टिक कपहरू
- प्लास्टिक कपको ढक्कन/सिल
- ढक्कन नलगाइएको प्लास्टिकको खाना ट्रेहरू

**1 सेप्टेम्बर**
- नकुहिने प्लास्टिक ब्यागहरू (ताजा फलफूल र तरकारीहरूको लागि)
- फाल्न मिल्ने प्लास्टिक कन्टेनर र ढक्कन (बसेर खाने र टेकअवे खानाको लागि)



## 2025 को प्रतिबन्ध

**1 जुलाई**
- विस्तारित प्लास्टिक प्याकेजिङ्ग (४५ किलोग्राम भन्दा कम तौलका नाजुक वस्तुहरूको लागि)



*केही वस्तुहरूको लागि प्लास्टिक - लाइन भएको कागज र कुहिएर जाने प्लास्टिक प्रतिबन्धित छन् । विशिष्ट आवश्यकताहरू र छुटहरू लागू हुन्छन् । व्यवसायहरूलाई नियमित रूपमा अद्यावधिक जानकारीको लागि वेबसाइट जाँच गर्न प्रोत्साहित गरिन्छ ।*

WA PLASTICS BAN
व्यवसाय संलग्नता कार्यक्रम

प्रतिबन्धको बारेमा थप जानकारीको लागि plasticsbanwa.com.au हेर्नुहोस् ।

# व्यवसायको लागि सहायता

पश्चिमी अष्ट्रेलिया सरकारले 2023 देखि 2025 सम्म एकल - प्रयोग प्लास्टिकमा थप प्रतिबन्ध लागू गर्दैछ।

राष्ट्रिय खुद्रा संघ (NRA) को माध्यमबाट, सरकारले प्रतिबन्ध, व्यवसायीहरूको दायित्व र कसरी पालना गर्ने भनेर बुझ्न खुद्रा विक्रेता र आपूर्तिकर्ताहरूलाई मद्दत गर्न पहिला शिक्षित बनाउने पद्दती अपनाइरहेको छ।

NRA टोलीले प्रतिबन्धको बारेमा जानकारी वा सल्लाह खोज्ने व्यवसायहरूको लागि निःशुल्क सेवाहरू प्रदान गरिरहेको छ। यसमा एक समर्पित वेबसाइट, व्यवसायहरूको लागि टोलफ्री हटलाइन, अनलाइन सूचना सत्रहरू, तथ्यपत्रहरू, साइनेज, र पश्चिमी अष्ट्रेलियाभरका 4,000 खुद्रा स्टोरहरूमा भ्रमणहरू समावेश छन्।

सरकार, समुदाय र उद्योग संगठनहरूलाई उनीहरूको सञ्जालमा व्यवसायहरूलाई प्रतिबन्ध (र उपलब्ध निःशुल्क सहायता सेवाहरू) को बारेमा जानकारी वितरण गर्न प्रोत्साहित गरिन्छ।

*व्यापार सल्लाहको लागि PlasticsBanWA वेबसाइटमा जानुहोस्*

## सामुदायिक संसाधनहरू

गैर-नाफामुखी संस्थाहरू, सामुदायिक समूहहरू र सरकारी संस्थाहरू पनि यस प्रतिबन्धबाट प्रभावित हुन सक्छन्। गैर-व्यावसायिक संगठनहरूले वेबसाइट हेर्नुपर्छ वा सामुदायिक जानकारी र स्रोतहरूको लागि जल तथा वातावरणीय नियमन विभाग (DWER) लाई सम्पर्क गर्नुपर्छ।

## व्यापार वेबसाइट

प्रतिबन्धको बारेमा बारम्बार सोधिने प्रश्नहरूको थप जानकारी र उत्तरहरूको लागि वेबसाइटमा जानुहोस्।

plasticsbanwa.com.au >

## तथ्यपत्र र साइनेज

तपाईंको टोली र ग्राहकहरूलाई प्रतिबन्धको तयारीमा मद्दत गर्न तथ्यपत्रहरू, पोस्टरहरू र अनुवादित संसाधनहरू डाउनलोड गर्न वेबसाइटमा जानुहोस्।

**वेबसाइट मार्फत संसाधनहरू डाउनलोड गर्नुहोस्**

## जानकारी सत्रहरू

प्रतिबन्ध बुझ्न निःशुल्क जानकारी सत्रमा भाग लिनुहोस्। प्रतिबन्ध लागू हुने मितिसम्म अतिरिक्त साप्ताहिक सत्रहरू सहित हरेक महिना सञ्चालन हुन्छन्। वेबसाइट मार्फत वा यहाँ दर्ता गर्नुहोस्:

https://bit.ly/wa-plastics-ban >

ठूला टोलीहरू वा सञ्जाल भएका उद्योग संघहरू, शिर्ष निकायहरू र संगठनहरूको अनुरोधमा थप सत्रहरू पनि सञ्चालन गर्न सकिन्छ।

## थप सल्लाह

**निःशुल्क व्यवसाय हटलाइन:** 1800 817 723

**इमेल:** sustainability@nationalretail.org.au